# आर्थिक वर्ष २०८२/०८३ को
# वार्षिक प्रतिवेदन

**बारपाक सुलिकोट गाउँपालिका**

**गोरखा**

गण्डकी प्रदेश, नेपाल

२०८३

## बारपाक सुलिकोट गाउँपालिकाको संक्षिप्त विवरण

**संक्षिप्त परिचय :**

विश्वकै ध्यान केन्द्रित गरेको महाभूकम्प २०७२ को केन्द्रबिन्दु बारपाक, ऐतिहासिक र पर्यटकीय रुपले रमणीय सुलिकोटको नामबाट बारपाक सुलिकोट गाउँपालिकाको नामाकरण गरिएको हो । हिमाली जिल्ला गोरखामा अवस्थित बारपाक सुलिकोट गाउँपालिकाको केन्द्र गोरखा सदरमुकामबाट ३० कि.मी., गण्डकी प्रदेशको राजधानी पोखराबाट १३५ कि.मी., राजधानी काठमाडौंबाट १७३ कि.मी सडक दूरीमा रहेको छ । साविकको बारपाक, स्वाँरा, सौरपानी, ताकुमाझ लाकुरिबोट, ताकुकोट, पाँचखुवा देउराली र पन्द्रुङ गा.वि.स समावेश भएर बारपाक सुलिकोट गाउँपालिका बनेको छ । बारपाक सुलिकोट गाउँपालिकाको क्षेत्रफल २००.६३ वर्ग किलोमिटर रहेको छ । यो गाउँपालिका ८ वडाहरूमा विभाजन गरिएको छ । २०७८ सालको जनगणनाअनुसार यस गाउँपालिकको कूल जनसङ्ख्या २२,६३६ रहेको छ । प्रसिद्ध बौद्ध हिमाल, पर्यटकीय रुपले रमणीय सुलिकोट डाँडा, प्रसिद्ध सिता गुफा, घुन्चोक पोखरी, बजेनी ताल, बारपाक कोटथान, बाह्रमुले मन्दिर, ताकुकोट माईभगबती जस्ता सांस्कृतिक र ऐतिहासिक महत्त्व बोकेका स्थलहरुले सिंगारिएको पवित्र भुमि यस गाउँपालिकाको चिनारी हो। यस गाँउपालिकामा गुरुङ्ग, घले, बराम, ब्राह्मण, क्षेत्री, तामाङ्ग, नेवार, दलित, मगर, मुस्लिम आदि जातजातिहरुको बसोबास रहेको छ ।

**भौगोलिक अवस्थिति :**

पूर्वी देशान्तर : ८४°३९५४"

उत्तरी अक्षांश: २८°०३५९"

तापक्रम (औसत) : ०६ देखि ३२ डिग्री सेल्सियस

**गाउँपालिका सिमाना :**

पूर्व : आरुघाट र धार्चे गाउँपालिका

पश्चिम : सिरानचोक गाउँपालिका

उत्तर : अजिरकोट गाउँपालिका

दक्षिण: भिमसेनथापा गाउँपालिका

**प्रशासनिक विभाजन**

प्रदेश: गण्डकी.

जिल्ला: गोरखा

गाउँपालिका केन्द्र : ताकुकोट

गाउँसभा सदस्य: ४२ जना

कार्यपालिका सदस्य: १६ जना

वडा संख्या : ८ वटा

## २०७८ को जनगणना अनुसार जनसंख्याको वडागत विवरण

<table>
<tr><td colspan="6">कुल जनसंख्या: २२,६३६<br>लैङ्गिक अनुपातः ८७.५१ पुरुष प्रति १०० महिला<br>जनघनत्व: ११३<br>कुल परिवारः ६२८३<br>कुल साक्षरताः ६९.२ पुरुषः ७६.६ महिलाः ६२.८</td></tr>
<tr><th>वडा</th><th>क्षेत्रफल</th><th>जम्मा (२०६८ जनगणना)</th><th>पुरुष</th><th>महिला</th><th>जम्मा (२०७८ जनगणना)</th></tr>
<tr><td>वडा नं १</td><td>७८.९</td><td rowspan="2">४९८५</td><td>८०३</td><td>८७८</td><td>१६८१</td></tr>
<tr><td>वडा नं २</td><td>११.२</td><td>२००१</td><td>२११९</td><td>४१२०</td></tr>
<tr><td>वडा नं ३</td><td>२६.४</td><td>३७१३</td><td>१३९६</td><td>१७००</td><td>३०९६</td></tr>
<tr><td>वडा नं ४</td><td>३५.१</td><td>५९४८</td><td>२३८९</td><td>२७४४</td><td>५१३३</td></tr>
<tr><td>वडा नं ५</td><td>१२.६</td><td>२२२९</td><td>८६३</td><td>९५५</td><td>१८१८</td></tr>
<tr><td>वडा नं ६</td><td>१४.१</td><td>३८६९</td><td>१४४८</td><td>१७६९</td><td>३२१७</td></tr>
<tr><td>वडा नं ७</td><td>१०.२</td><td>२१११</td><td>७८६</td><td>८८९</td><td>१६७५</td></tr>
<tr><td>वडा नं ८</td><td>१२.९</td><td>२५२४</td><td>८७८</td><td>१०१८</td><td>१८९६</td></tr>
<tr><td>जम्मा</td><td>२००.६३</td><td>२५३८९</td><td>१०५६४</td><td>१२०७२</td><td>२२६३६</td></tr>
</table>

**जनसङ्ख्या (उमेर समुह अनुसार)**

| उमेर समुह | पुरुष | महिला |
|---|---|---|
| ०-४ सम्म | ७६१ | ७१९ |
| ०-१८ सम्म | ३५४३ | ३४४९ |
| १०-१९ सम्म | २२३१ | २२६८ |
| १५-५९ सम्म | ५४२३ | ७१२४ |
| ६० भन्दा माथि | २१४९ | १९६१ |

**भाषा, धर्म, जातजाती विवरण**

| **भाषा** | **प्रतिशत** | **धर्म** | **प्रतिशत** | **जातजाति** | **सङ्ख्या** |
|---|---|---|---|---|---|
| नेपाली | ४५.८ | हिन्दु | ३७.९ | गुरुङ्ग | ९४१५ |
| गुरुङ | ३५.५ | बोन | २९.६ | घले | २४४५ |
| घले | १०.८ | बौद्ध | २२.६ | *बराम* | २३५५ |
| बराम | ३.४ | इसाई | ६.२ | *ब्राम्हण* | १७४४ |
| तामाङ | १.९ | किरात | ३.६ | *क्षेत्री* | १४९४ |
| मगर | १.५ | इस्लाम | ०.२ | *विश्वकर्मा* | १२२२ |
| नेवारी | १ | | | *मिजार* | ११७७ |
| अन्य | ०.१ | | | *तामाङ्ग* | ६५६ |
| | | | | *नेवार* | ४७८ |
| | | | | *अन्य* | ६०९ |
| | | | | *जम्मा* | २२६३६ |

**स्वास्थ्य**

| **स्वास्थ्य संस्था** | **सङ्ख्या** |
|---|---|
| स्वास्थ्य चौकी | ७ |
| *आयुर्वेद औषधालय* | १ |
| आधारभुत स्वास्थ्य केन्द्र | १ |
| *सामुदायिक स्वास्थ्य इकाई* | ७ |
| *वर्थिङ सेन्टर* | ६ |
| *DOTS सेन्टर* | ९ |
| *महिला स्वास्थ्य स्वयमसेविका* | ६३ |

**शिक्षा**

**साक्षरता: ६९.२%**

**सामुदायिक विद्यालय : ३२**

- माध्यमिक कक्षा (१-१२) : ६
- माध्यमिक कक्षा (१-१०) : ४
- आधारभूत कक्षा (१-८) : ७

- आधारभूत कक्षा (१-५) : १६
- आधारभूत कक्षा (१-३) : ३
- संस्थागत विद्यालय : २

शिक्षक तथा कर्मचारी संख्या – ३६९
विद्यार्थी संख्या (सामुदायिक) - ५६८५ विद्यार्थी
संख्या (संस्थागत) - ६५३

# खर्चको विवरण

बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा
गण्डकी प्रदेश, नेपाल ।

प.स. २०८२/०८३

च.न.

मितिः २०८३/०३/२५

सूचना ! सूचना !! सूचना !!!

**विषय: खर्च विवरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस बारपाक सुलिकोट गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट देहाय बमोजिम खर्च भएको व्यहोरा सबैको जानकारीका लागि अनुरोध छ । साथै वार्षिक स्वीकृत बजेट, योजना एवं नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नुहुने सबै जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति, निर्माण व्यवसायी, विकास साझेदार, सामाजिक संघ संस्था र बारपाक सुलिकोट गाउँपालिकावासीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

*तपसिल:*

| क्र.सं. | बजेट शीर्षक | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | रु. ४७,४८,७२,९४५.५० | रु. ३९,७८,८४,६९८.१९ | ८३.७९% |
| २ | पुंजीगत | रु. २०,०२,८५,०००.०० | रु. १४,८२,६९,३२५.५१ | ७४.०३% |
| | कुल | रु. ६७,५१,५७,९४५.५० | रु. ५४,६१,५४०२३.७० | ८०.८९% |

२०८३/०३/२५

..............................

सुवास आले

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन

**प्रशासन शाखा**

- गाउँकार्यपालिकाका कर्मचारीहरुको नियुक्ति देखि अवकाशसम्मका विवरणहरु सहतिको कर्मचारीहरुको वैयक्तिक विवरण अद्यावधिक गर्ने / गराउने ।
- स्वीकृत दरवन्दी अन्तर्गतका सबै कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गर्ने/गराउने ।
- कर्मचारीहरुको कार्य-उत्प्रेरणा, सकारात्मक मनस्थिति र उच्च मनोवल हुने प्रकृतिको कार्यवातावरण सिर्जना गर्ने/गराउने ।
- कर्मचारीहरुको लागि आवश्यकतामा आधारित तालिमको व्यवस्था मिलाउने, तालिममा संलग्न कर्मचारीको अनुगमन गर्ने, तालिममा सिकेका कुराहरुलाइ निजले कार्यथलोमा रुपान्तरण गर्न सके / नसकेको अनुगमन गर्ने ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन फाराम भर्ने तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाई मूल्याङ्कन गरिएका कार्यसम्पादन मूल्याङ्कन फारामहरु सुव्यवस्थित एवं सुरक्षित राखे व्यवस्था मिलाउने ।
- गाउँपालिकाको सम्पूर्ण कर्मचारीहरुको प्रशासनिक रेखदेख र नियन्त्रण गर्ने ।
- गाउँपालिकाको निर्णय अनुसार पदपूर्ति समितिले सिफारिश गरेको उम्मेदवारलाई नियुक्ति दिने व्यावस्था गर्ने ।
- गाउँपालिकाका कर्मचारीहरुको पदस्थापन, काज सरुवा, बढुवा, विदा, पुरस्कार, दण्डसजाय, राजिनामा, बरबुझारथ र अवकाश सम्बन्धी कार्य गर्ने/गराउने ।
- गाउँपालिकाका कर्मचारीहरुको असाधारण विदा र अध्ययन विदा स्वीकृतिका लागि सिफारिस गर्ने ।
- कार्यालयमा जनसम्पर्क, सोधपुछ, सहायक कक्ष, उजुरीपेटीका, प्रतिक्षालय, गुनासो सुनुवाइ आदिको व्यवस्था मिलाउने |
- नागरिक बडापत्रको तयारी, परिमार्जन, कार्यान्वयन र अनुगमन सम्बन्धी कार्य गर्ने / गराउने गाउँपालिकाका सबै पदाधिकारी एवं कर्मचारीहरुको सम्पत्ति विवरण प्रचलित कानून बमोजिम भर्ना लगाई प्रचलित कानूनले निर्धारित गरेको समयभित्र सम्बन्धित निकायमा पेश गर्ने / गराउने

## आर्थिक प्रशासन शाखा

## क) स्रोत अनुमान र वास्तविक आय (बैंक मौज्जात बाहेक)

FY : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/३२

| आय | | | | |
|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | Income(%) | मौज्दात |
| संघीय सरकार | ४४,६०,००,०००.०० | ४२,५४,६४,०१९.०० | ९५.४ | २,०५,३५,९८१.०० |
| १३३११ समानिकरण अनुदान | १३,७८,००,०००.०० | १२,६०,१८,१००.०० | ९१.४५ | १,१७,८१,९००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २५,७६,००,०००.०० | २५,७३,६०,०००.०० | ९९.९१ | २,४०,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ९२,००,०००.०० | ९२,००,०००.०० | १०० | ०.०० |
| १३३१४ विषेश अनुदान चालु | १,६४,००,०००.०० | १,१९,२६,४०५.०० | ७२.७२ | ४४,७३,५९५.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,५०,००,०००.०० | २,०९,५९,५१४.०० | ८३.८४ | ४०,४०,४८६.०० |
| प्रदेश सरकार | २,८५,६७,०००.०० | २,४१,०२,२६५.०० | ८४.३७ | ४४,६४,७३५.०० |
| १३३११ समानिकरण अनुदान | १,८५,६७,०००.०० | १,८५,६७,०००.०० | १०० | ०.०० |
| १३३१४ विषेश अनुदान चालु | ०.०० | ०.०० | ० | ०.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ४०,००,०००.०० | २२,८५,५५८.०० | ५७.१४ | १७,१४,४४२.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ६०,००,०००.०० | ३२,४९,७०७.०० | ५४.१६ | २७,५०,२९३.०० |
| राजस्व बाडफाड | १३,३८,५७,०००.०० | १०,९६,६३,९५५.८१ | ८१.९३ | २,४१,९३,०४४.१९ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | (२९,७७,०५४.५०) | ०.०० | ० | (२९,७७,०५४.५०) |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,४१,००,७१३.०० | ६,६५,९१,०६२.९२ | ८९.८७ | ७५,०९,६५०.०८ |
| ११४२१ बाँडफाँड भ्ंइ प्राप्त हुने अन्त:शुल्क | २,३९,०८,२३८.०० | ३,०५,४१,८०७.९० | १२७.७५ | (६६,३३,५६९.९०) |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,०६,२९,०४९.०० | ९६,४०,०३७.७३ | ९०.७ | ९,८९,०११.२७ |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २,८१,९६,०५४.५० | २८,९१,०४७.२६ | १०.२५ | २,५३,०५,००७.२४ |
| अन्तरिक श्रोत | ५,८७,३३,९४५.५० | ४,५६,७१,१४३.३८ | ७७.७६ | १,३०,६२,८०२.१२ |
| ११३१३ सम्पती कर | ५८,३३,९४५.५० | ९,०४,२२१.५८ | १५.५ | ४९,२९,७२३.९२ |
| ११३१७ वहाल कर | ६,००,०००.०० | ६,५३,२२६.४९ | १०८.८७ | (५३,२२६.४९) |
| ११३१८ वहाल विटौरी कर | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ७३,००,०००.०० | १४,३९,९२०.५० | १९.७२ | ५८,६०,०७९.५० |
| १४२४२ नक्सापास दस्तुर | ५,००,०००.०० | ७९,७७९.०० | १५.९६ | ४,२०,२२१.०० |
| १४२४३ सिफारिश दस्तुर | २६,००,०००.०० | १४,९३,९००.०० | ५७.४६ | ११,०६,१००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २,००,०००.०० | ६,९४,४००.०० | ३४७.२ | (४,९४,४००.००) |
| १४२४५ नाता प्रमाणित दस्तुर | २,००,०००.०० | २,९३,८५१.०० | १४६.९३ | (९३,८५१.००) |
| १४२४९ अन्य दस्तुर | १०,००,०००.०० | १४,८२,२९७.८९ | १४८.२२ | (४,८२,२९७.८९) |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८,००,०००.०० | २,३९,५५०.०० | २९.९४ | ५,६०,४५०.०० |
| १४२६५ अन्य क्षेत्रको आय | ७,५०,०००.०० | ०.०० | ० | ७,५०,०००.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| १४३१३ धरौटी सदरस्याहा | ३,५०,०००.०० | ०.०० | ० | ३,५०,०००.०० |
| १५१११ बेरूजू | १२,००,०००.०० | ११,७८,५२८.०० | ९८.२१ | २१,४७२.०० |
| ३२१२२ बैंक मौज्दात | ३,७२,००,०००.०० | ३,७२,११,४६८.९२ | १००.०३ | (११,४६८.९२) |
| जम्मा | ६६,७१,५७,९४५.५० | ६०,४९,०१,३८३.१९ | ९०.६६ | ६,२२,५६,५६२.३१ |

## ख) खर्चको संक्षिप्त विवरण

**तपसिलः**

| क्र.सं. | बजेट शीर्षक | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | रु. ४७,४८,७२,९४५.५० | रु. ३९,७८,८४,६९८.१९ | ८३.७९% |
| २ | पुँजीगत | रु. २०,०२,८५,०००.०० | रु. १४,८२,६१,३२५.५१ | ७४.०३% |
| | कुल | रु. ६७,५१,५७,९४५.५० | रु. ५४,६१,५४०२३.७० | ८०.८९% |

**ग) अन्य प्रक्रियागत सुधारहरु**

१. बैङ्क दाखिला गर्न अनलाईन राजस्व व्यवस्थापन प्रणाली (SUTRA) पुर्ण रुपमा कार्यान्वयनमा ल्याईएको छ। जसले गर्दा राजस्व संकलन दरमा वृद्धि हुनुका साथै यसमा हुने चुहावट र समयमा बैङ्क दाखिला नहुने समस्यालाई विस्तारै समाधान गर्दै जानेछ।

२. समाजिक सुरक्षा भत्ता लाभग्राहिखो खातामा EFT प्रणालीबाट भुक्तानी सुरू भएको छ। यस प्रणाली मार्फत कोष तथा लेखा नियन्त्रक कार्यालको एकल खाता कोषबाट सामाजिक सुरक्षा वाफतको रकम सिधै लाभ ग्राहीको खातामा जम्मा हुन आउछ । यसले गर्दा सामाजिक सुरक्षा भुक्तानी छिटो छरितो हुनुका साथै अनियमितताको सम्भावना न्युन हुदै जानेछ।

## सूचना प्रविधि शाखा

- **नेटवर्क तथा इन्टरनेट सेवा व्यवस्थापन** – LAN, Wi-Fi, CCTV Camera जस्ता नेटवर्क प्रणालीको जडान, निगरानी र मर्मत कार्य।
- **साइबर सुरक्षा तथा डेटा संरक्षण** – एन्टिभाइरस, फायरवाल, डेटा ब्याकअप, गोपनीयता तथा डिजिटल सुरक्षा नीति कार्यान्वयन।
- **प्रविधि समस्या समाधान तथा सहयोग** – IT उपकरण तथा प्रणालीको समस्या समाधान, हेल्प डेस्क सेवा, प्राविधिक फिल्ड समर्थन।
- **कर्मचारी क्षमता विकास तथा तालिम** – सूचना प्रविधि उपयोगमा अभिमुखीकरण, डिजिटल साक्षरताका लागि तालिम सञ्चालन।
- **LISA/FRA** सम्बन्धी कार्यशाला गोष्ठी संचालन, कागजात अपलोड र नतिजा सार्वजनिक गरिएको,
- Website, Page मा सम्पुर्ण सूचना, जानकारी, निर्णय तथा सम्पूर्ण विवरणहरु समयमै अध्यावधिक गर्ने गरिएको।
- सेवा ग्राहीले माग गरेको सूचना समयमै उपलब्ध गराउने गरेको।
- कार्यालयको काम कारवाहीसँग सम्बन्धित सूचना प्रविधिसँग सम्बन्धित अन्य विविध सफ्टवयर र IT उपकरणहरुको मर्मत सम्भार तथा देखिएका समस्याहरुको समाधान गर्ने गरिएको।

## विपद तथा भूमि व्यवस्थापन

विपद् व्यवस्थापनतर्फ विपद्बाट प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउने तथा विपद् जोखिम न्यूनीकरणका लागि जनचेतना तथा अभ्यासमा जोड दिइएको छ।

विपद्बाट प्रभावित व्यक्तिहरूलाई तत्काल राहतस्वरूप त्रिपाल तथा जस्तापाता वितरण गरिएको छ। आगलागी, वर्षाका कारण घर भासिने/क्षति हुने, शौचालय क्षति, वन्यजन्तुबाट भएको क्षति तथा पहिरोका कारण घर जोखिममा परेका परिवारलाई विभिन्न रकममा राहत उपलब्ध गराइएको छ।

विपद् व्यवस्थापनसम्बन्धी सचेतना, अभ्यास तथा प्रदर्शन कार्यक्रम सञ्चालन गरी विभिन्न प्रकारका विपद्, जोखिमयुक्त क्षेत्र, स्थानीयस्तरमा देखिएका विपद्का घटना, जोखिम न्यूनीकरण तथा उद्धार कार्यबारे जानकारी दिइएको छ। साथै उद्धार सामग्री तथा उपकरणको प्रयोग, महत्व र आवश्यकताबारे व्यवहारिक जानकारी प्रदान गरिएको छ।

आगो नियन्त्रणसम्बन्धी अभ्यासमा Fire Extinguisher प्रयोग, भिजेको कम्बल प्रयोग, रेगुलेटर नजिक लागेको आगो नियन्त्रण तथा ग्यास पाइप सुरक्षित रूपमा बन्द गरी ग्यासको प्रवाह रोक्ने विधिसमेत प्रदर्शन गरिएको छ।

## कृषि सेवा शाखा

| क्र.सं. | कार्यक्रमको नाम | कुल बजेट (.रु) | खर्च (.रु) | भौतिक प्रगति (%) | वित्तीय प्रगति (%) | सङ्क्षिप्त रूपमा |
|---|---|---|---|---|---|---|
| १ | कागतेखर्क ओखर खेती प्रवर्द्धन कार्यक्रम | ६,००,००० | ५,४०,००० | ९५ | ९० | वडा नं३ र ४ का ६ . जना कृषकलाई ओखर खेती प्रवर्द्धन तथा व्यावसायिक उत्पादनमा सहयोग |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | माटो तथा बाली उपचार शिविर | ३,००,००० | २,५०,००० | ३७ | ८३ | वडा नं१ ., २ र ४ मा माटो तथा बालीको समस्या पहिचान तथा उपचार सेवा प्रदान; ७५ जना कृषक लाभान्वित |
| ३ | मौरी प्रवर्द्धन कार्यक्रम | २,००,००० | १,७०,००० | १०० | ८५ | मौरीपालनमा संलग्न ६० जना कृषकलाई मौरीपालन व्यवसाय प्रवर्द्धनमा सहयोग |
| ४ | उत्कृष्ट कृषक सम्मान कार्यक्रम | २,००,००० | २,००,००० | १०० | १०० | प्रत्येक वडाबाट २२/ जना गरी १६ जना उत्कृष्ट कृषक छनोट तथा सम्मान |
| ५ | स्थलगत घुम्ती तालिम | — | — | ३० | ८० | वडा नं७ मझाबरीका . सुन्तला कृषकलाई बगैँचा व्यवस्थापन तथा काँटछाँटसम्बन्धी एकदिने स्थलगत तालिम; २२ जना कृषक लाभान्वित |
| ६ | कृषि विपद् व्यवस्थापन कार्यक्रम | ७,००,००० | ६,३०,००० | ८० | ९० | बेमौसमी वर्षाबाट क्षति भएको धानबालीका प्रभावित कृषकलाई प्रतिरोपनी रु .५०० का दरले राहत; ३५० जना कृषक लाभान्वित |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | बाँझो जग्गा सदुपयोगका लागि कृषि विकास कार्यक्रम | ९,७५,००० | ९,००,००० | ८० | ९२ | ५०अनुदानमा % सुन्तलाको बेर्ना, सयपत्री तथा हातेट्र्याक्टर वितरण; ४८ जना कृषक लाभान्वित |
| ८ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ७,००,००० | ६,००,००० | ९० | ९० | १७ जना कृषकलाई ५०अनुदानमा % पिसानी –कुटानी मिल तथा थ्रेसर उपलब्ध गराइएको |
| ९ | उत्पादनमा आधारित अनुदान कार्यक्रम | ५,००,००० | ४,८०,००० | १०० | ९६ | किवी, अकबरे खुर्सानी, तरकारी तथा मह उत्पादन गर्ने कृषकलाई उत्पादनका आधारमा अनुदान उपलब्ध |
| **जम्मा** | **कृषि सेवा शाखाका कार्यक्रमहरू** | **३६,७५,०००*** | **३७,७०,०००*** | — | — | **विभिन्न कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रममार्फत कृषकको उत्पादन, आय तथा व्यवसायीकरणमा सहयोग** |

**पशु सेवा शाखा**

| क्र.सं. | कार्यक्रमको नाम | कुल बजेट (.रु) | खर्च (.रु) | भौतिक प्रगति (%) | वित्तीय प्रगति (%) | सङ्क्षिप्त रूपमा |
|---|---|---|---|---|---|---|
| १ | निःशुल्क पशु स्वास्थ्य औषधि तथा खोप कार्यक्रम | १५,००,००० | ९,४२,००० | १०० | ६३ | ८ वटै वडामा पशु स्वास्थ्य औषधि, खोप तथा पशु स्वास्थ्य शिविर सञ्चालन गरी ३०,७४५ पशु तथा करिब ५,००० पक्षीलाई सेवा प्रदान गरिएको; ४,५६७ घरधुरी लाभान्वित |
| २ | पशुपन्छी पालनसम्बन्धी कृषकस्तरीय तालिम तथा जुनोटिक रोगसम्बन्धी विद्यालय शिक्षा | १,००,००० | १,००,००० | १०० | १०० | पशुपन्छी पालनसम्बन्धी व्यवहारिक ज्ञान, पशुजन्य रोग तथा जुनोटिक रोगबाट बच्ने उपायसम्बन्धी कृषक तथा विद्यालयस्तरीय सचेतनाशिक्षा / प्रदान |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | घुम्ती तालिम गोबरको नमुना ) (सङ्कलन | १,००,००० | १,००,००० | १०० | १०० | पशुको गोबरको नमुना सङ्कलन, रोग पहिचान तथा पशु स्वास्थ्यसम्बन्धी प्राविधिक जानकारी कृषकस्तरमा पुऱ्याउन घुम्ती तालिम सञ्चालन |
| ४ | उत्पादनमा आधारित अनुदान कार्यक्रम | ३५,००,००० | ३१,००,००० | १०० | ८२ | कृषि तथा पशु व्यवसायमा आबद्ध कृषकलाई विभिन्न मापदण्डका आधारमा उत्पादनको आधारमा अनुदान प्रदान; ९०३ घरधुरी लाभान्वित |
| ५ | बाख्रा प्रवर्द्धन कार्यक्रम | ३,५०,००० | १,७१,००० | ५२ | ४९ | बाख्रापालन व्यवसायलाई व्यावसायिक बनाउन खोर सुधार तथा नश्ल सुधार कार्यक्रम सञ्चालन; १३ वटा खोर सुधार तथा ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | वटा नश्ल सुधार सम्पन्न |
| ६ | उत्कृष्ट कृषक सम्मान कार्यक्रम | १,००,००० | १,००,००० | १०० | १०० | कृषि तथा पशुपालन क्षेत्रमा उत्कृष्ट कार्य गर्ने १६ जना कृषक छनोट गरी जनही रु१० .,००० तथा प्रमाणपत्रसहित सम्मान |
| ७ | कृतिम गर्भाधान तथा नश्ल सुधार सेवा | ३,००,००० | ७५,००० | १०० | २५ | २ जना कृतिम गर्भाधानकर्ता उत्पादन गरी सेवा सञ्चालन; ११३ भैँसी र १४ गाई गरी १२७ पशुमा कृतिम गर्भाधान सेवा प्रदान |
| ८ | कुकुर बन्ध्याकरण शिविर | २,००,००० | १,६०,००० | १०० | ८० | छाडा कुकुरको व्यवस्थापन तथा नियन्त्रणका लागि बन्ध्याकरण शिविर सञ्चालन गरी ७७ वटा कुकुरको शल्यक्रिया गरिएको; ७५७ घरधुरी लाभान्वित |
| ९ | पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम | १,००,००० | १,००,००० | १०० | १०० | पशुपन्छी पालनमा आबद्ध कृषकको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | व्यवसायिक क्षमता विकास तथा उत्पादन वृद्धि गर्न प्रवर्द्धनात्मक सहयोग |
| १० | विविध ढुवानी व्यवस्थापन | ५०,००० | ५०,००० | १०० | १०० | पशु सेवा तथा पशुपन्छीसम्बन्धी औषधि, खोप, सामग्री तथा आवश्यक उपकरणको विभिन्न वडासम्म ढुवानी तथा सेवा प्रवाहमा सहयोग |
| ११ | महामारी व्यवस्थापन | १,००,००० | १,००,००० | १०० | १०० | पशुमा देखिन सक्ने महामारी तथा रोग नियन्त्रण, पशुधनको सुरक्षा तथा कृषकलाई आवश्यक आकस्मिक सहयोग उपलब्ध गराउने कार्य |
| १२ | एपिडेमियोलोजिकल रिपोर्टिङ | १२,००० | — | — | — | पशु रोग तथा महामारीसम्बन्धी घटनाको नियमित निगरानी, विवरण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | सङ्कलन तथा रिपोर्टिङ गर्ने कार्य |
| १३ | आकस्मिक महामारी नियन्त्रण | ५०,००० | — | — | — | महामारी तथा दुर्घटनाबाट पशुधनमा भएको क्षतिका प्रभावित कृषकलाई आवश्यक राहत तथा सहयोग उपलब्ध गराउने कार्य |
| १४ | प्रयोगशाला व्यवस्थापन | ४,००,००० | — | — | — | पशु रोग पहिचान तथा परीक्षणका लागि प्रयोगशाला व्यवस्थापन, आवश्यक सामग्री तथा उपकरणको व्यवस्था गर्ने कार्य |

**रोजगार सेवा केन्द्र**

१. आर्थिक वर्ष २०८२/०८३ मा रोजगार सेवा केन्द्रले वैदेशिक तथा आन्तरिक रोजगार, श्रमिक अभिमुखीकरण, पुनःश्रम स्वीकृति, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको पुनःएकीकरण, श्रमिक सम्मान तथा प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरू सञ्चालन गरेको छ।

२. आ.व २०८३/०८४ का लागि EMIS प्रणालीमा सबै वडाको वेरोजगारी सुचीकृत दर्ता तथा नविकरण सम्पन्न गरिएको छ।

३. वैदेशिक रोजगारका क्रममा श्रम अवधिभित्र मृत्यु भएका वडा नं. ४ का एक व्यक्तिको परिवारलाई आर्थिक सहायता प्राप्त गर्न समन्वय गरिएकोमा वैदेशिक रोजगार बोर्डबाट रु. १० लाख र बीमाबाट रु. १४ लाख गरी जम्मा रु. २४ लाख प्राप्त भएको छ।

४. वडा नं. ७ का वैदेशिक रोजगारीमा रहेका कामदारको परिवारमा क्यान्सर उपचारका लागि वैदेशिक रोजगार बोर्डबाट रु. ५० हजार उपचार सहयोग प्राप्त गर्न समन्वय गरिएको छ।

५. वैदेशिक रोजगारबाट फर्किएका २५ जनाको पुनःश्रम स्वीकृति गरिएको छ।

६. रोजगारमा खटिनुपूर्व ८ वटै वडामा श्रमिक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।

७. मलेसियामा दुर्घटनामा परी मृत्यु भएका वडा नं. ४ का राजकुमार तामाङको शव वैदेशिक रोजगार बोर्डमार्फत निःशुल्क रूपमा घरसम्म ल्याउन आवश्यक सहजीकरण गरिएको छ।

८. वैदेशिक रोजगारीका क्रममा मृत्यु वा अंगभंग भएका श्रमिकका सन्ततिका लागि वैदेशिक रोजगार बोर्डबाट छात्रवृत्ति प्राप्त हुने व्यवस्था अनुसार गाउँपालिकाका ७ जना विद्यार्थीलाई छात्रवृत्तिका लागि सिफारिस गरिएको र सबैले छात्रवृत्ति प्राप्त गरेको विवरण छ।

९. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूका लागि ३ दिने उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम सञ्चालन गरिएको छ।

१०. "श्रमको सम्मान राष्ट्रको अभियान" कार्यक्रमअन्तर्गत उत्कृष्ट २ जना श्रमिकलाई जनही रु. २,५०० तथा सम्मानपत्रसहित सम्मान गरिएको छ।

११. आर्थिक वर्ष २०८२/०८३ मा राष्ट्रिय रोजगार कार्यक्रमअन्तर्गत जम्मा २३ वटा आयोजना सम्झौता भई सबै २३ आयोजनाको भुक्तानी सम्पन्न भएको छ। यी आयोजनाहरू वडा नं. १ देखि ८ सम्म सडक, गोरेटो बाटो, सिँचाइ, पुल तथा अन्य पूर्वाधार निर्माणसँग सम्बन्धित रहेका छन्। कुल २३ आयोजनाको विनियोजित रकम रु. ९३,४४,५९४ रहेको छ।

**<u>सामी कार्यक्रम</u>**

१. सामी कार्यक्रमअन्तर्गत वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्शलाई जोड दिइएको छ। वडा नं. ८ जराङ बेँसीर/तिनखण्डे क्षेत्रमा २१ हप्ते वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन

गरी २१ वटा सेसन सम्पन्न गरिएको छ। ५६ जना सहभागीको बेसलाइन तथा फलोअप गरी आम्दानी–खर्चको हिसाबकिताब राख्ने सीप विकास गरिएको छ।

२. यसका अतिरिक्त ५ वटा विद्यालयस्तरीय वित्तीय साक्षरता कार्यक्रम, १२ वटा समुदायस्तरीय वित्तीय साक्षरता अभिमुखीकरण, ५ वटा एकदिने वित्तीय साक्षरता कक्षा, विद्यार्थीका लागि ९० मिनेटका ५ वटा वित्तीय साक्षरता कक्षा तथा ३ वटा तीनदिने वित्तीय साक्षरता कक्षा सम्पन्न गरिएको छ।

३. जम्मा २५ वटा मनोसामाजिक परामर्श केसमा २२ वटा केस बन्द तथा ३ वटा फलोअपमा रहेका छन् र व्यक्तिगत मनोसामाजिक परामर्शका क्रममा ४ जनालाई अस्पताल रेफर गरिएको छ।

४. वडा नं. १, २ र ४ मा किशोरकिशोरीलाई मनोसामाजिक परामर्श शिक्षा तथा वडा नं. ५, ६, ७ र ८ मा १६ दिने लैङ्गिक हिंसा तथा मनोसामाजिक परामर्श शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ।

## महिला बालबालिका शाखा

आर्थिक वर्ष २०८२/०८३ मा महिला, बालबालिका तथा सामाजिक विकाससम्बन्धी कार्यक्रममार्फत सामाजिक समावेशीकरण, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक हिंसा न्यूनीकरण तथा बाल अधिकार संरक्षणका क्षेत्रमा कार्यक्रम सञ्चालन गरिएको छ।

१. असार २५ गतेसम्म **३९ जना ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचयपत्र** वितरण गरिएको छ।

२. **३१ जना अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता परिचयपत्र** वितरण गरिएको तथा **११ जनालाई परिचयपत्रको प्रतिलिपि** उपलब्ध गराइएको छ।

३. २०८२ मंसिर १५ देखि २२ गतेसम्म वडा नं. ५, ६, ७ र ८ मा लैङ्गिक हिंसाविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिएको छ।

४. ३४औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसका अवसरमा २०८२/०८/२९ गते जनप्रतिनिधि, कर्मचारी, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित संस्था, प्रहरी तथा सरोकारवालाको उपस्थितिमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सहभागी अपाङ्गता भएका व्यक्तिहरूलाई न्यानो कपडा वितरण गरिएको छ।

५. वडा नं. ७ मा ८ वटा र वडा नं. ८ मा ११ वटा टोल/समुदाय समिति गठन गरिएको छ।

६. २०८३ असार ११ देखि १९ गतेसम्म गाउँपालिकाका ८ वटै वडामा वडा स्तरीय बाल क्लब तथा बाल सञ्जाल गठन गरिएको छ।

**<u>गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रम [MEDPA]</u>**

आर्थिक वर्ष २०८२/०८३ मा MEDPA कार्यक्रममार्फत नयाँ उद्यमी सिर्जना तथा विद्यमान उद्यमीहरूको स्तरोन्नतिका लागि विभिन्न प्राविधिक सीप विकास, उद्यमशीलता विकास, प्रविधि हस्तान्तरण तथा बजार व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ।

१. नयाँ उद्यमीहरूलाई सिम्बु तथा बाँसको डोको, डालो तथा अन्य सामग्री उत्पादन तथा प्रवर्द्धनसम्बन्धी ७ दिने प्राविधिक सीप विकास तालिम सञ्चालन गरिएको छ।
२. सिम्बु/बाँसको व्यावसायिक समूहलाई उत्पादन क्षमता बढाउन चोया उत्पादन गर्ने मेसिन खरिद गरी प्रविधि हस्तान्तरण गरिएको छ।
३. नयाँ उद्यमीहरूका लागि बजार पहुँचसम्बन्धी कार्यक्रम सञ्चालन गरी उद्यमीहरूलाई चोया उद्योगको अवलोकन तथा बजारसम्बन्धी जानकारी प्रदान गरिएको छ।
४. वडा नं. ४ घुन्चोकमा रहेको पञ्चेबाजा व्यावसायिक समूहलाई गाउँपालिकाको ८० प्रतिशत तथा उद्यमीको २० प्रतिशत लागत साझेदारीमा एक सेट नौमती पञ्चेबाजा हस्तान्तरण गरिएको छ।
५. वडा नं. ५ ताकुमाझलाकुरीबोटको सामुदायिक सिकाइ केन्द्रका उद्यमीलाई इलेक्ट्रिक दुना–टपरी उत्पादन गर्ने मेसिन हस्तान्तरण गरी सम्बन्धित प्राविधिक सीप विकास तालिम सञ्चालन गरिएको छ।
६. डिभिजन वन कार्यालयको आर्थिक सहयोग तथा गाउँपालिकाको आयोजनामा लोक्ताबाट नेपाली कागज प्रशोधनसम्बन्धी प्राविधिक सीप विकास तालिम सञ्चालन गरिएको छ।
७. वडा नं. ४ रन्चोकका अल्लो व्यवसायमा आबद्ध उद्यमीलाई हातेतान हस्तान्तरण गरी १० दिने अल्लोको धागोबाट कपडा उत्पादनसम्बन्धी सीप विकास तालिम सञ्चालन गरिएको छ।
८. वडा नं. १ र २ बारपाकमा ऊन व्यवसायमा आबद्ध उद्यमीलाई हातेतान हस्तान्तरण गरी १० दिने ऊनको धागोबाट भेडाको ऊनको कपडा उत्पादनसम्बन्धी तालिम सञ्चालन गरिएको छ।
९. वडा नं. ७ नेउरालीस्थित नेउराली साबुन उद्योगलाई मेसिनको सहयोगमा साबुन उत्पादन, लेबलिङ तथा प्याकेजिङ गरी "नेउराली साबुन" नामकरणसहित बिक्री वितरण सुरु गर्न सहयोग गरिएको छ।

## शिक्षा शाखा

शिक्षा शाखाले विद्यालय शिक्षाको पहुँच, गुणस्तर सुधार, विद्यार्थी प्रोत्साहन, शिक्षक क्षमता विकास, स्थानीय पाठ्यक्रम, निःशुल्क शिक्षा, छात्रवृत्ति, दिवा खाजा, विज्ञान प्रदर्शनी तथा विद्यालयको भौतिक/शैक्षिक क्षमता विकासका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गरेको छ।

गाउँपालिकामा शैक्षिक विवरणअनुसार कक्षा १–१२ सञ्चालन गर्ने ६, कक्षा १–१० सञ्चालन गर्ने ४, आधारभूत तह १–८ का ६, आधारभूत तह १–५ का १२, आधारभूत तह १–३ का २ तथा संस्थागत विद्यालय २ गरी जम्मा ३२ विद्यालयको विवरण प्रस्तुत गरिएको छ। शैक्षिक सत्र २०८३ मा सामुदायिक तथा संस्थागत विद्यालयमा विभिन्न तहमा गरी जम्मा ३,२७३ र ७०१ विद्यार्थी रहेका छन्।

शिक्षक तथा कर्मचारीतर्फ विभिन्न तहमा स्वीकृत तथा राहत दरबन्दी, गाउँपालिका अनुदान तथा शिक्षण अनुदानअन्तर्गत शिक्षक, विद्यालय सहायक, बाल विकास सहजकर्ता तथा विद्यालय सहयोगी गरी जनशक्ति व्यवस्थापन गरिएको छ।

### प्रमुख शैक्षिक कार्यक्रम

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि अनुदान उपलब्ध गराइएको तथा अनौपचारिक प्रौढ विद्यालय सञ्चालन गरिएको छ।

२. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित अनुदानमार्फत विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि सहयोग गरिएको छ।

३. प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म विद्यार्थीको तहअनुसार सिकाइ तथा डिजिटल सिकाइ सामग्रीका लागि विद्यालयलाई प्रतिविद्यार्थी लागतका आधारमा अनुदान उपलब्ध गराइएको छ। यसअन्तर्गत जम्मा रु. ७,०५,५५० निकासा भएको छ।

४. कक्षा १ देखि १२ सम्मका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक खरिद तथा वितरण गर्न जम्मा रु. २४,१०,८८३ अनुदान उपलब्ध गराइएको छ।

५. कक्षा १–५ का छात्रा, दलित, लक्षित समूह तथा अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ। यसअन्तर्गत जम्मा रु. ३,४५,४०० खर्च भएको छ। साथै कक्षा ७ का २६ तथा कक्षा १० का ४६ जना विपन्न लक्षित विद्यार्थीलाई प्रतिविद्यार्थी रु. ६,००० का दरले जम्मा रु. ४,३२,००० छात्रवृत्ति प्रदान गरिएको छ।

६. बाल विकास कक्षादेखि कक्षा ५ सम्मका ६३८ विद्यार्थीलाई प्रतिदिन प्रतिविद्यार्थी रु. २० का दरले दिवा खाजा उपलब्ध गराइएको छ, जसका लागि जम्मा रु. ५१,३७,१२० खर्च भएको छ।
७. कक्षा ३–५ मा नेपाली र गणित तथा कक्षा ६–८ मा ४ विषयमा एक महिनासम्म अतिरिक्त कक्षा सञ्चालन गरिएको छ।
८. कक्षा ६–८ को स्थानीय विषयको स्थानीय पाठ्यक्रम निर्माण तथा छपाइ सम्पन्न गरिएको छ। शैक्षिक सत्र २०८३ को क्यालेन्डर निर्माण गरी विद्यालयमार्फत विद्यार्थीलाई वितरण गरिएको छ।
९. कक्षा १–३ को निरन्तर मूल्याङ्कनका लागि मूल्याङ्कन अभिलेख तयार गरी विद्यालयलाई वितरण गरिएको छ ।
१०. MBBS अध्ययनरत १ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ।
११. विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक संघ तथा प्रधानाध्यापकसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।
१२. बारपाक बहुप्राविधिक शिक्षालयका १३६ जना प्रशिक्षार्थीलाई ५० प्रतिशत तथा १२ जना प्रशिक्षार्थीलाई शतप्रतिशत छात्रवृत्ति प्रदान गरिएको छ, जसका लागि रु. ९,२४,००० खर्च भएको छ।
१३. कक्षा १–५ को स्थानीय विषयको पाठ्यपुस्तक छपाइ गरिएको छ।
१४. विषयगत शिक्षक तालिमअन्तर्गत एकीकृत पाठ्यक्रम कार्यान्वयन, निरन्तर मूल्याङ्कन, स्तरीकृत प्रश्नपत्र निर्माण, अंग्रेजी–गणित–विज्ञान तथा प्रविधि, पठन सीप विकास तथा EMIS सम्बन्धी तालिम सञ्चालन गरिएको छ।
१५. कक्षा ५, ८, १० र १२ मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी तथा उत्कृष्ट नतिजा ल्याउने विषयगत शिक्षकलाई सम्मान गरिएको छ। कार्यसम्पादनका आधारमा आधारभूत तथा माध्यमिक तहका एक/एक जना उत्कृष्ट प्रधानाध्यापकलाई समेत सम्मान गरिएको छ।
१६. Room to Read को साझेदारीमा साक्षरता कार्यक्रम विस्तार गरी ६ वटा विद्यालयमा कक्षाकोठा व्यवस्थापनका लागि फर्निचर तथा आवश्यक सामग्री सहयोग गरिएको छ।
१७. MBBS अध्ययनरत १ जना विद्यार्थीलाई वार्षिक रु. ४ लाख छात्रवृत्ति प्रदान गरिएको छ।
१८. अनाथ बालबालिकाको छात्रावास व्यवस्थापनअन्तर्गत सूर्य ज्योति माध्यमिक विद्यालयमा अध्ययनरत २१ जना विद्यार्थीलाई सहयोग गरिएको छ।
१९. अन्तरज्योति माध्यमिक विद्यालयमा कक्षा १, २ र ३ मा बराम भाषा कक्षा सञ्चालन गरी सम्बन्धित पाठ्यपुस्तकको व्यवस्था गरिएको छ ।

२०. गाउँपालिकाभित्रका १० माध्यमिक विद्यालयका ४० जना तथा ६ आधारभूत विद्यालयका १८ जना गरी जम्मा ५८ जना विद्यार्थी सहभागी हुने गरी विज्ञान प्रदर्शनी कार्यक्रम सञ्चालन गरिएको छ।

## स्वास्थ्य शाखा

आर्थिक वर्ष २०८२/०८३ मा स्वास्थ्य शाखाले नियमित स्वास्थ्य सेवा, खोप, पोषण, मातृ तथा नवजात स्वास्थ्य, परिवार नियोजन, क्षयरोग तथा सरुवा रोग नियन्त्रण, नसर्ने रोगको परीक्षण, स्वास्थ्य शिविर र स्वास्थ्य पूर्वाधार विकासलाई प्राथमिकतामा राखी प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ। हाल यस पालिकामा १ अस्पताल, ७ स्वास्थ्य चौकी, १ आयुर्वेद औषधालय, ७ सामुदायिक स्वास्थ्य इकाई, २० PHC-ORC, १५ EPI केन्द्र, ६ बर्थिङ सेन्टर तथा ६३ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू मार्फत आधारभूत स्वास्थ्य सेवा प्रदान भइरहेको छ।

### प्रमुख उपलब्धिहरू

- **अस्पताल तथा पूर्वाधार निर्माण:** पालिकावासीलाई गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले १५ शैयाको अस्पताल निर्माण कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ।
- **स्वास्थ्य संस्था भवन निर्माण:** गाउँपालिका भित्रका ५ वटा स्वास्थ्य संस्थाको नयाँ भवन निर्माण कार्य सम्पन्न गरी सेवा प्रवाहलाई थप सुदृढ बनाइएको छ।
- **सामुदायिक स्वास्थ्य इकाईको विस्तार:** स्थानीय स्तरमै स्वास्थ्य सेवाको पहुँच बढाउनका लागि १ सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माणाधीन अवस्थामा रहेको छ।
- **पूर्ण खोप सुनिश्चितता घोषणा:** मिति २०८३/०२/१५ मा गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गरिएको छ, जसअन्तर्गत १३३ जना बालबालिकालाई पूर्ण खोप प्रदान गरिएको छ।
- **महिला स्वास्थ्य स्वयंसेविका परिचालन:** पालिकाभित्र क्रियाशील ६३ जना महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन भत्तासहित समुदाय स्तरमा प्रभावकारी रूपमा परिचालन गरिएको छ।
- **मातृ तथा नवजात शिशु सुरक्षा कार्यक्रम:** गर्भवती तथा सुत्केरी महिलाहरूलाई पोषण र सरसफाइ सामग्रीका साथै सुत्केरी पोषण खर्च वितरण गरिएको छ भने जटिल अवस्थाका बिरामीलाई निःशुल्क प्रेषण (Referral) सेवा उपलब्ध गराइएको छ।

- **ज्येष्ठ नागरिक स्वास्थ्य सेवा:** ज्येष्ठ नागरिकहरूको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी सञ्चालित विशेष स्वास्थ्य परीक्षण कार्यक्रमबाट कुल ६४५ जना ज्येष्ठ नागरिकहरू लाभान्वित भएका छन्।
- **विषेशज्ञ तथा निदानात्मक स्वास्थ्य शिविर:** सञ्चालित विभिन्न स्वास्थ्य शिविरहरू मार्फत VIA स्क्रिनिङबाट ३०७ जना, आँखा परीक्षणबाट ८१५ जना, क्षयरोग खोजपड्तालबाट ३५० जना र सामान्य स्वास्थ्य शिविरबाट ९५६ जनाले प्रत्यक्ष सेवा प्राप्त गरेका छन्।
- **दीर्घरोगीहरूलाई आर्थिक सहायता:** कडा तथा दीर्घरोगको उपचार गराइरहेका पालिकाभित्रका कुल ७९ जना नागरिकहरूलाई उपचार खर्च सहयोग उपलब्ध गराइएको छ।
- **HPV खोप अभियान सञ्चालन:** पाठेघरको मुखको क्यान्सर रोकथामका लागि सञ्चालन गरिएको HPV खोप अभियानबाट ११३ जना किसोरीहरू लाभान्वित भएका छन्।
- **पोषण लेखाजोखा तथा अनुगमन:** ५ वर्षमुनिका बालबालिका तथा गर्भवती र सुत्केरीको पोषण स्थिति सुधारका लागि ७२० जना बालबालिका र १५० जना गर्भवती/सुत्केरीको पोषण लेखाजोखा गरिएको छ।

**विद्यमान चुनौतीहरू** स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिको अभाव, कमजोर इन्टरनेट पहुँच र मापदण्ड अनुसारका भौतिक पूर्वाधारको कमी मुख्य समस्याका रूपमा रहेका छन्। यसका साथै भौगोलिक विकटता र नागरिकहरूको अस्थायी बसाइँसराइले गर्दा स्वास्थ्य सेवाको समान पहुँच विस्तारमा थप चुनौती सिर्जना गरेको छ।

**<u>पञ्जिकरण शाखा</u>**

| **किस्ता** | **लाभग्राही संख्या** | **वितरण संख्या (.रकम रु)** |
|---|---|---|
| पहिलो त्रैमासिक | ४,०९२ | ४,१२,३७,६०६ * |
| दोस्रो त्रैमासिक | ४,०७८ | ४,१०,९६,३५६ * |
| तेस्रो त्रैमासिक | ४,११६ | ४,१४,७९,३४३ * |
| चौथो त्रैमासिक | ४,११६ | ४,४३,४४,२५६ * |
| **कुल जम्मा** | **१६,४०२** | **१६,८१,५७,५६१** |

* नोट: त्रैमासिक किस्ता अनुसारको रु. १६,८१,५७,५६१ को कुल रकम वार्षिक कायम ४,११६ लाभग्राही संख्याका आधारमा समायोजित अनुमानित विभाजन हो।

**सामाजिक सुरक्षा भत्ता फिर्ता रकम आ.व. २०८२/०८३**

| **फिर्ता रकम** |
|---|
| रु३ .,८७,५५२ |

**व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन**

| **घटनाको प्रकार** | **दर्ता संख्या विवरण /** |
|---|---|
| **जन्म** | ६२७ |
| **मृत्यु** | २९६ |
| **सम्बन्धविच्छेद** | ६० |
| **विवाह** | २२४ |
| **बसाई सरी आएको** | दर्ता संख्या१० : \| सदस्य संख्या४५ : |
| **बसाई सरी गएको** | दर्ता संख्या८९ : \| सदस्य संख्या३२६ : |
| **जम्मा** | **१,४९६** |

१. केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन प्रणाली CCIMS द्धारा हालसम्म जनाको नागरिकता सीफारिस,

२. निर्वाचित जनप्रतिनिधि तथा वडा सचिवहरुलाई घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी अभिमुखिकरण तालिम सम्पन्न,

३. टोल टोलमा सामाजिक सुरक्षा भत्ता वितरण,

**न्यायिक समिति**

१) आर्थिक वर्ष २०८२/०८३ मा न्यायिक समितिको सचिवालयले स्थानीय विवादलाई स्थानीय स्तरमै संवाद, मेलमिलाप तथा कानुनी प्रक्रियामार्फत समाधान गर्ने उद्देश्यले न्यायिक सेवा तथा कानुनी सचेतना कार्यक्रम सञ्चालन गरेको छ।

२) यस अवधिमा जम्मा १० वटा विवाद दर्ता/सरेर आएका थिए। तीमध्ये ६ वटा विवाद सहमति, मेलमिलाप वा तामेलीमार्फत फस्यौट भएका छन्। २ वटा विवाद प्रक्रियामा रहेका छन् भने २ वटा विवाद अघिल्लो अवधिबाट जिम्मेवारी सरेर आएका थिए। चालु आर्थिक वर्षमा नयाँ दर्ता भएका विवाद ८ वटा रहेका छन्।

३) मेलमिलाप तथा सहमतिमार्फत समाधान भएका विवादहरूमा साँध–सिमाना, विवाह दर्ता/नागरिकता तथा क्षतिपूर्तिसम्बन्धी विवादहरू रहेका छन्। बाटोसम्बन्धी १ विवाद तामेलीमा राखिएको तथा पोल सारी पाऊँसम्बन्धी १ विवादमा मौखिक सहमति भएको छ। आर्थिक लेनदेन तथा लालपूर्जासम्बन्धी विवादहरू विचाराधीन/हेर्दै गरिएको अवस्थामा रहेका छन्।

४) वडास्तरबाट ७ वटा विवाद मेलमिलाप भएकोमा वडा नं. ६ बाट ३ वटा र वडा नं. ७ बाट ४ वटा रहेका छन्। न्यायिक समिति तथा मेलमिलापकर्तासहित २ वटा बैठक र न्यायिक समितिका ११ वटा बैठक सम्पन्न भएका छन्।

५) त्यसैगरी "मेलमिलापकर्तालाई पुनर्ताजगी कार्यक्रम", "टोलटोलमा न्यायिक सचेतना कार्यक्रम" तथा "अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच र कानुनी सचेतना कार्यक्रम" सञ्चालन गरिएको छ। स्थानीय विवाद समाधानका क्रममा घटनास्थलमै गई जग्गा विवादको स्थलगत निरीक्षण तथा मेलमिलापसमेत गरिएको छ ।

# आ.व. २०८२।०८३ मा उपभोक्ता समिति मार्फत संञ्चालित योजनाहरुको संक्षिप्त विवरण

| सि.नं. | वडा नं. | योजना संख्या | उ.स. गठन भएको योजना | सर्भे सम्पन्न संख्या | लागत अनुमान तयार | सम्भौता सम्पन्न भएको | निर्माण कार्य सम्पन्न भएको | भूक्तानी भएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बारपाक वडा न. १ | १३.०० | १३.०० | १३.०० | १३.०० | १३.०० | १३.०० | १३.०० | |
| २ | बारपाक वडा न. २ | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | |
| ३ | स्वारा वडा न. ३ | २३.०० | २२.०० | २२.०० | २२.०० | २२.०० | २२.०० | २२.०० | |
| ४ | सौरपानी वडा न. ४ | ३३.०० | ३१.०० | ३१.०० | ३१.०० | ३१.०० | ३१.०० | ३१.०० | |
| ५ | ताकुमाझ लाकुरिबोट वडा न. ५ | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | |
| ६ | ताकुकोट वडा न.६ | २९.०० | २९.०० | २९.०० | २९.०० | २९.०० | २९.०० | २९.०० | |
| ७ | पाचखुवा देउराली वडा न.७ | १४.०० | १४.०० | १४.०० | १४.०० | १४.०० | १४.०० | १४.०० | |
| ८ | पन्द्रुंग वडा न.८ | २३.०० | २३.०० | २३.०० | २३.०० | २३.०० | २३.०० | २३.०० | |
| खानेपानी तर्फ | | १२.०० | १२.०० | १२.०० | १२.०० | १२.०० | १२.०० | १२.०० | |
| राष्ट्रिय रोजगार कार्यक्रम | | २४.०० | २४.०० | २४.०० | २४.०० | २४.०० | २४.०० | २४.०० | |
| जम्मा योजना संख्या | | २०३.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | |

| सि.नं. | वडा नं. | योजना संख्या | उ.स. गठन भएको योजना | सर्भे प्रतिशत | लागत अनुमान तयार | सम्भौता सम्पन्न भएको | भौतिक प्रगति | वित्तिय प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बारपाक वडा न. १ | 13.00 | 13.00 | 100.00% | 100.00% | 100.00% | 100.00% | 100.00% | |
| २ | बारपाक वडा न. २ | 16.00 | 16.00 | 100.00% | 100.00% | 100.00% | 100.00% | 100.00% | |
| ३ | स्वारा वडा न. ३ | 23.00 | 22.00 | 95.65% | 95.65% | 95.65% | 95.65% | 95.65% | |
| ४ | सौरपानी वडा न. ४ | 33.00 | 31.00 | 93.94% | 93.94% | 93.94% | 93.94% | 93.94% | |
| ५ | ताकुमाझ लाकुरिबोट वडा न. ५ | 16.00 | 16.00 | 100.00% | 100.00% | 100.00% | 100.00% | 100.00% | |
| ६ | ताकुकोट वडा न.६ | 29.00 | 29.00 | 100.00% | 100.00% | 100.00% | 100.00% | 100.00% | |
| ७ | पाचखुवा देउराली वडा न.७ | 14.00 | 14.00 | 100.00% | 100.00% | 100.00% | 100.00% | 100.00% | |
| ८ | पन्द्रुंग वडा न.८ | 23.00 | 23.00 | 100.00% | 100.00% | 100.00% | 100.00% | 100.00% | |
| खानेपानी तर्फ | | 12.00 | 12.00 | 100.00% | 100.00% | 100.00% | 100.00% | 100.00% | |
| राष्ट्रिय रोजगार कार्यक्रम | | 24.00 | 24.00 | 100.00% | 100.00% | 100.00% | 100.00% | 100.00% | |
| जम्मा योजना संख्या | | 203.00 | 200.00 | 98.52% | 98.52% | 98.52% | 98.52% | 98.52% | |

# Barpak Sulikot Rural Municipality

## Office of Rural Municipal Executive

## Takukot, Gorkha

## आ.व. २०८२।०८३ मा विद्युतीय बोलपत्र प्रणाली (ठेक्का प्रक्रिया) वाट संञ्चालित योजनाहरुको प्रगति विवरण

F.Y. 082/083

| सि.नं | आयोजनाको नाम: | ठेक्का नं. | स्वीकृत लागत अनुमान मू.अ.कर र कन्टिजेन्सी सहित रकम | निर्माण व्यवसायी संग भएको सम्झौता | | | | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | फर्मको नाम | सम्झौता रकम रु मू.अ.कर सहित | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | | |
| | **F.Y. 082/083** | **आ.व. ०८२।०८३ विद्युतीय ठेक्का प्रक्रियावाट संञ्चालित योजनाहरुको विवरण क्रमागत** | | | | | | | |
| 1 | माझथर मा.वि. छात्रावास भवन निर्माण कार्य। | BSRM/GO/BUILDING/NCB/082/083-01 | १६३११२२६.३ | श्री पंचबुद्ध निर्माण सेवा, बा.सु.गा.पा.६, ताकुकोट, गोरखा। | १,०९,७३,७१०.६८ | २०८२/०८/०६ | २०८३/०३/२० | ४५.५५% | |
| 2 | रन्चोक वर्थिक सेन्टर भवन निर्माण कार्य। | BSRM/GO/BUILDING/NCB/082/083-02 | ५,०३३,२६८.७७ | श्री पंचबुद्ध निर्माण सेवा, बा.सु.गा.पा.६, ताकुकोट, गोरखा। | ३,५०५,५९३.४५ | २०८२/०८/०६ | २०८३/०३/२० | ६५.३६% | |
| 3 | चनौटे पाल्खु गाउँपालिका केन्द्र कालोपत्रे सडक। | BSRM/GO/ROAD/NCB/081/082/03 | ९९,९९४,९५७.३६ | श्री विकेश-विश्वजीत जेभी, काठमाण्डौं। | ७२,८२६,७३१.४० | २०८२/१०/१९ | २०८४/०३/२० | ८.९१% | |
| 4 | तामलाबोट आरुखर्क जलविरे डाँडागाउँ सडक स्तरोउन्नती निर्माण कार्य। | BSRM/GO/ROAD/NCB/082/083-04 | १५,००१,१०५.८० | श्री न्यू गोरखा मनकामना कन्स्ट्रक्सन प्रा.लि. बाग्लुङ्ग। | ९९.६४,०७४.९६ | २०८२/०९/१८ | २०८३/०९/३० | ३०.३२% | |
| 5 | पाल्खु मोहरिया स्तरोउन्नती निर्माण कार्य। | BSRM/GO/ROAD/NCB/082/083-05 | ३०.२०.५९०.५१ | श्री पंचबुद्ध निर्माण सेवा, बा.सु.गा.पा.६, ताकुकोट, गोरखा। | २१४७५५०.५ | २०८२/०९/१८ | २०८३/०३/२० | ९६.५१% | सम्पन्न |
| 6 | देउराली बालुवा स्तरोउन्नती निर्माण कार्य। | BSRM/GO/ROAD/NCB/082/083-06 | १४,०१६,६४५.५० | जय श्री भीमसेन कन्स्ट्रक्सन प्रा.लि. गोरखा। | ९९५७०३८.३ | २०८२/१०/२० | २०८३/०९/३० | ००.००% | |
| 7 | बाह्रमुले मन्दिर संरक्षण तथा व्यवस्थापन कार्य। | BSRM/GO/PROTECTION/NCB/WORKS/082/083-07 | ३,५७९,६८९.३० | श्री स्तुल कन्स्ट्रक्सन प्रा.लि.बा.सु.गा.पा.७, गोरखा। | ३४४०७१९.० | २०८२/१०/२० | २०८३/०३/२० | ९९.५६% | सम्पन्न |
| 8 | शहिद दिल बहादुर रम्तेल पार्क निर्माण कार्य। | BSRM/GO/PARK/NCB/WORKS/082/083-08 | ३,१५६,२८१.८९ | श्री मेल्सिमा कन्स्ट्रक्सन प्रा.लि. भीमसेन थापा.गा.पा.५, गोरखा। | २,७८१,६०१.०० | २०८२/१०/२० | २०८३/०३/२० | ५५.६२% | |
| 9 | पन्द्रुङ्ग स्वास्थ्यचौकी भवन निर्माण कार्य | BSRM/GO/BUILDING/NCB/WORKS/082/083-09 | १५,५८७,०५०.५० | श्री नुपुर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.बा.सु.गा.पा.६, ताकुकोट, गोरखा। | १०,९७९,१०१.९३ | २०८२/११/१२ | २०८३/०९/३० | ००.००% | |
| 10 | बारपाक बहुप्राविधिक शिक्षालय सडक बक्स कल्भर्ट निर्माण कार्य। | BSRM/GO/CULVERT/NCB/WORKS/082/083-10 | ५,५०४,०८०.९४ | श्री स्तुल कन्स्ट्रक्सन प्रा.लि.बा.सु.गा.पा.७, गोरखा। | ४,१२९,३९१.९० | २०८२/११/०८ | २०८३/०३/२० | ९९.६२% | सम्पन्न |
| 11 | औषधी/सर्जिकल सामाग्री खरिद तथा आपूर्ति गर्ने कार्य। | SRM/GO/MEDICINE/SQ/GOODSS/082/083-11 | ३,२०६,९७३.७२ | देवदत्त मेडिको फर्मा काठमाण्डौं। | १,७७८,०३१.२० | २०८२/११/१३ | २०८२/१२/३० | ३०.३२% | सम्पन्न |
| 12 | आयुर्वेद औषधी खरिद तथा सप्लाई कार्य। | BSRM/GO/MEDICINE/SQ/GOODSS/082/083-12 | १,००५,३८७.५० | पि.एल.केसी. इक्सपोर्ट, प्रा.लि. टेकु, काठमाण्डौं। | ५७३२५४.० | २०८२/१२/२४ | २०८३/०१/३० | १००.००% | सम्पन्न |
| 13 | भेटनरी औषधी खरिद तथा सप्लाई कार्य। | BSRM/GO/VET/MEDICINE/SQ/GOODS/082/083-13 | १,३१३,६६०.०० | श्री बेस्ट भेट ट्रेडिङ्ग प्रा.ली. काठमाण्डौं। | ८३३,६७६.४० | २०८२/११/१५ | २०८२/१२/३० | १००.००% | सम्पन्न |
| 14 | आय ठेक्का ( नदीजन्य पदार्थ) | ठेक्का नं. १४ देखि २२ सम्म। | | | | | | | |
| 15 | रुतुका आलगाउँ सडक स्तरोन्नती कार्य | BSRM/GO/ROAD/NCB/WORKS/082/083-23 | ५,१२७,९०४.३५ | श्री स्तुल कन्स्ट्रक्सन प्रा.लि.बा.सु.गा.पा.७, गोरखा। | ४,८९८,२६२.८१ | २०८३/०२/०७ | २०८३/०८/३० | ००.००% | |
| 16 | १५ शैया अधारभूत अस्पतालको लागि उपकरण, ल्याब तथा सर्जिकल आईटमको खरिद, सप्लाई तथा जडान कार्य | BSRM/GO/GOODS/NCB/PBH/082/083-24 | १७,०५०,१५१.०० | | | | | १००.००% | सम्पन्न |

| सि.नं | आयोजनाको नामः | ठेक्का नं. | स्वीकृत लागत अनुमान मू.अ.कर र कन्टिजेन्सी सहित रकम | निर्माण व्यवसायी संग भएको सम्झौता | | | | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | फर्मको नाम | सम्झौता रकम रु मू.अ.कर सहित | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | | |
| 16.a | १५ शैया अधारभूत अस्पतालको लागि उपकरण, ल्याब तथा सर्जिकल आईटमको खरिद, सप्लाई तथा जडान कार्य | BSRM/GO/GOODS/NCB/PBH/082/083-25 | | श्री यूनिग्लोव हेल्थकेयर प्रा.ली.,तारकेश्वर काठमाण्डौं । | | | | १००.००% | सम्पन्न |
| 16.b | १५ शैया अधारभूत अस्पतालको लागि उपकरण, ल्याब तथा सर्जिकल आईटमको खरिद, सप्लाई तथा जडान कार्य | BSRM/GO/GOODS/NCB/PBH/082/083-26 | | श्री मेडीम्याक्स टेक्नोलेजिज प्रा.ली., नयाँ बानेश्वर, काठमाण्डौ । | | | | १००.००% | सम्पन्न |
| 16.c | १५ शैया अधारभूत अस्पतालको लागि उपकरण, ल्याब तथा सर्जिकल आईटमको खरिद, सप्लाई तथा जडान कार्य | BSRM/GO/GOODS/NCB/PBH/082/083-27 | | श्री श्रीनाथ मेडिसिन डिस्ट्रीबयूटर प्रा.ली., भरतपुर-११, चितवन | | | | १००.००% | सम्पन्न |
| 16.d | १५ शैया अधारभूत अस्पतालको लागि उपकरण, ल्याब तथा सर्जिकल आईटमको खरिद, सप्लाई तथा जडान कार्य | BSRM/GO/GOODS/NCB/PBH/082/083-28 | | श्री कृष्णा इन्टरनेशनल, हातिवन-२३, धापाखेल, ललितपुर | | | | १००.००% | सम्पन्न |
| 16.e | १५ शैया अधारभूत अस्पतालको लागि उपकरण, ल्याब तथा सर्जिकल आईटमको खरिद, सप्लाई तथा जडान कार्य | BSRM/GO/GOODS/NCB/PBH/082/083-29 | | श्री विकास सर्जिकल कर्न्सन प्रा.ली., त्रिपुरेश्वर, काठमाण्डौ । | | | | १००.००% | सम्पन्न |
| 17 | १५ शैया अधारभूत अस्पतालको लागि फर्निचर , आईटम खरिद, सप्लाई तथा जडान कार्य | BSRM/GO/GOODS/SQ/PBH/082/083- 25 | १,९९८,२४२.७३ | श्री कृष्णा इन्टरनेशनल, हातिवन-२३, धापाखेल, ललितपुर □ | १,९८१,४७७.६० | २०८३/०२/१२ | २०८३/०३/२० | १००.००% | सम्पन्न |
| 18 | डाक्टर आवस, फोहरमैला व्यवस्थापन तथा प्याथलोजीको इन्टेरियर सम्बन्धी कार्य | BSRM/GO/WORKS/SQ/PBH/082/083- 26 | १,९८२,७५७.५९ | जय श्री भीमसेन कन्स्ट्रक्सन प्रा.लि., सिरानचोक गा.पा.गोरखा □ | १,६९५,५४७.३२ | २०८३/०२/१७ | २०८३/०३/२० | ५३.४१% | |
| 19 | क्यान्टिन भवन निर्माण कार्य | BSRM/GO/GOODS/SQ/CANTEEN/082/083-27 | १,७२२,८७३.४६ | एरिज एम.एच. कन्स्ट्रक्सन प्रा.लि., बलाजु, काठमाण्डौं | १,६४९,९३५.२२ | २०८३/०३/०२ | २०८३/०३/२० | ७२.७२% | |
| | **आ.व. ०८१।०८२ मा विद्युतीय बोलपत्र प्रक्रियावाट संञ्चालित क्रमागत योजनाहरुको प्रगति विवरण** | | | | | | | | |
| 1 | खार्चोक भन्ज्याङ्ग-माझथर सडक स्तरोउन्नती कार्य । | BSRM/GO/ROAD/NCB/081/082/02 | १०,१५६,६१९.४० | श्री सि एण्ड सि निर्माण सेवा बा.सु. गा.पा.०१, गोरखा □ | ७,०९८,२१४.०० | २०८१/०८/१९ | २०८३/०९/३० | ९२.५१% | सम्पन्न |
| 2 | गाउँपालिका पुर्वाधार निर्माण । | BSRM/GO/ROAD/NCB/081/082/04 | १४,०१२,०१२.४१ | श्री जय श्री भिमसेन कन्स्ट्रक्सन , सिरानचोक गा.पा., गोरखा | १०७२६९६७.५ | २०८१/०८/२५ | २०८३/०९/२९ | ८०.५६% | अन्तिम चरणमा रहेको |
| 3 | दिल बहादुर रम्तेल पार्क निर्माण कार्य । | BSRM/GO/PARK/NCB/081/082/05 | ६,३५०,६९५.७३ | श्री आर. ए. कन्सट्रक्सन प्रा.ली. गोरखा | ५,४१८,०३३.७० | २०८१/०९/२२ | २०८२/१०/१५ | ८३.३२% | अन्तिम चरणमा रहेको |
| 4 | देउराली बहुउद्देश्यि सभाहल निर्माण कार्य । | BSRM/GO/PARK/NCB/081/082/06 | ८८.२८७६९.०४ | श्री एडभान्स गोरखा कन्स्ट्रक्सन प्रा.लि. गो.न.पा.७, गोरखा □ | ७२९४५७५.८ | २०८१/०९/२२ | २०८२/०८/३० | ९९.६२% | सम्पन्न |
| 5 | रुतुका आलगाउँ स्यामेर सडक स्तरोन्नती कार्य | BSRM/GO/ROAD/NCB/081/082-18 | ६,९९९,९०३.४७ | श्री नुपुर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. बारपाक सुलिकोट-०६, गोरखा | ४,६३६,४१८.८० | २०८२/०२/०७ | २०८२/०९/३० | ९८.६६% | सम्पन्न |
| 6 | घुन्चोकटार-भुवाने-सौरपानी सडक स्तरोउन्नती निर्माण कार्य । | BSRM/GORKHA/NCB/WORKS-09/080/081 | ९९,९९९,९९७.३७ | श्री हरितारा-रिद्दिम जे.वी., काठमाण्डौं । | ७,८७,८६,७४८.४३ | २०८१/०१/१४ | २०८३/०३/२० | ६५.५८% | |
| 7 | १५ शैया अस्पताल निर्माण कार्य । | BSRM/GORKHA/NCB/WORKS-15/077/078 | २२३,४४२,८२५.०० | ओमबुद्ध-बूद्ध-नव कान्तिपुर जेभी, काठमाण्डौं | १३८,०६९,५३६.६३ | २०७८/०३/१३ | २०७८/०३/१३ | ९९.५६% | सम्पन्न |
| | | | | | | | | | |

# आ.व. २०८१।०८२ मा निर्माण भएका भौतिक संरचनाहरु

| सि.नं. | वडा नं. | समुदायिक भवन | सडक (कि.मी.) | | | सिढी बाटो निर्माण | सिंचाइ | पार्क, निर्माण | खानेपानी | शौचालय निर्माण | ढल निकास निर्माण | मन्दिर निर्माण | गुम्बा निर्माण | चौतारी निर्माण | धारा निर्माण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कालोपत्रे | ढलान | ग्रावेल | | | | | | | | | | |
| १ | बारपाक वडा न. १ | १.०० | ०.०० | ०.४३ | ०.०० | ०.४० | १.०० | | | | १.०० | ०.०० | १.०० | | १.०० |
| २ | बारपाक वडा न. २ | १.०० | २.०० | ०.७५ | ०.०० | ०.८० | १.५० | | | | १.०० | ०.०० | ०.०० | | २.०० |
| ३ | स्वारा वडा न. ३ | २.०० | ०.०० | ०.१५ | ०.५० | ०.२० | ४.०० | | | | | १.०० | | | ८.०० |
| ४ | सौरपानी वडा न. ४ | २.०० | १.५० | १.८० | ४.५० | ०.३० | ३.०० | | | | १.०० | १.०० | | | ४५.०० |
| ५ | ताकुमाझ लाकुरिबोट वडा न. ५ | ३.०० | ०.०० | ०.४५ | ०.६५ | ०.१८ | २.५० | | | | | ०.०० | | २.०० | २.०० |
| ६ | ताकुकोट वडा न.६ | ५.०० | ०.०० | ०.०९ | ०.२० | ०.८० | १.५० | | | | | | | १.०० | १.०० |
| ७ | पाचखुवा देउराली वडा न.७ | २.०० | ०.०० | ०.०८ | ०.२० | ०.८० | ३.०० | १.०० | | | | १.०० | | | २.०० |
| ८ | पन्द्रुंग वडा न.८ | १.०० | ०.०० | ०.०५ | ०.३५ | ०.६५ | ०.८० | १.०० | | | | ०.०० | | | २.०० |
| **जम्मा योजना संख्या** | | १७.०० | ३.५० | ३.८० | ६.४० | ४.१३ | १७.३० | २.०० | १२.०० | ८.०० | ३.०० | ३.०० | १.०० | ३.०० | |

**शहिद दिल बहादुर रम्तेल पार्कमा नेपालको प्रथम शहिद लखन थापा, सुरेश बागले, जेनजीका प्रथम शहिद विमल बाबु भट्ट र क्या. यज्ञ बहादुर थापा को हाफ स्टेयूचु लगायत गाउँपालिका भित्रका ज जना शाहदात तथा बेपात्ता व्यक्तिहरुको शहिद स्तम्भ निर्माण, ४ जना राणाकालिन शहिद, झापा आन्दोलनका शहिद र कम्युनिष्ट पाट्टीका संस्थापक सदस्यहरुको शालिकको निर्माण कार्य सम्पन्न ।**

| शवदाह निर्माण | कैफियत |
|---|---|
| | |
| ०.०० | |
| १.०० | |
| १.०० | |
| | |
| १.०० | |
| | |
| | |
| | |
| ३.०० | |

नयुद्धको क्रममा ३५